२०८२ सालको ऐन नं. ४

हेटौंडा उपमहानगरपालिका

# हेटौंडा राजपत्र

खण्डः ९ सङ्ख्याः ४ मितिः २०८२।१२।०३

## भाग- २

**हेटौंडा उपमहानगरपालिकाले बनाएको तल लेखिए बमोजिमको ऐन सर्वसाधारणको जानकारीको लागि प्रकाशन गरिएको छ ।**

## हेटौंडा उपमहानगरपालिका वन ऐन, २०८२

**प्रस्तावना**

व्यवस्थित नगर विकासमा हरियाली नगर कायम राख्दै वन क्षेत्रमा रहेको उपलब्ध स्रोत साधन माथिको स्थानीय नागरिकको अग्राधिकार स्थापित गर्ने संवैधानिक अधिकारलाई व्यवहारत: कार्यान्वयन मार्फत वन विकास र वन व्यवस्थापनद्वारा संरक्षण र विकास गर्दै वन व्यवस्थापन माथिको अधिकार र दायित्व बोध गराँउदै सामुदायिक वन दर्ता, हस्तान्तरण र व्यवस्थापन गर्दा वन अधिकार र संरक्षण गर्न उपयुक्त नियमन गरी लाभको न्यायोचित वितरण मार्फत दिगो विकास प्राप्त गर्न टेवा पुऱ्याउन वान्छनीय भएकाले स्थानीय सरकार संचालन ऐन, २०७४ को दफा १०२ बमोजिम हेटौंडा उपमहानगरपालिकाको नगरसभाले यो ऐन बनाई लागू गरेको छ।

### परिच्छेद १
### संक्षिप्त नाम र प्रारम्भः

१. **संक्षिप्त नाम र प्रारम्भः–** (१) यस ऐनको नाम "हेटौडा उपमहानगरपालिका वन ऐन, २०८२" रहेको छ।

(२) यो ऐन राजपत्रमा प्रकाशन भएको मिति देखि लागू हुनेछ ।

२. **परिभाषाः**– विषय वा प्रसङ्गले अर्को अर्थ नलागेमा यस ऐनमा,–

(क) "वन" भन्नाले पूर्ण वा आंशिक रूपमा रुखहरूले ढाकिएको अवस्थामा रहेको सामुदायिक वन, धार्मिक वन, शहरी वन, ग्रामिण वन, कृषि वन, वृक्षारोपण, सीमसार क्षेत्र, प्रथाजनित रूपमा व्यवस्थापन गरिएको वन र पारिवारिक–निजि वन समेतलाई सम्झनु पर्छ ।

(ख) "वन श्रोत" भन्नाले कुनैपनि व्यवहारिक, व्यावसायिक, सामाजिक, धार्मिक, मनोरञ्जन, शैक्षिक, निर्वाहमूखी, वा सामुदायिक वनमा रहेको वनस्पति, जीव, र अन्य सुक्ष्म जीवहरू लगायत माथि तोकिएको वन क्षेत्रमा रहेको अन्य सम्भावित मानविय प्रयोगमा आउने वन श्रोत समेतलाई जनाउने छ ।

(ग) "प्राकृतिक स्रोत साधन" भन्नाले जल, जमिन, जंगल, वन्यजन्तु, खनिज, जैविक विविधता आदि जस्ता प्राकृतिक रूपमा प्राप्त श्रोत साधनलाई सम्झनु पर्छ ।

(घ) "परम्परागत रूपमा संरक्षण, भोगचलन" भन्नाले पुस्तौं–पुस्तादेखि परम्परागत ज्ञान, सीप र विधिबाट वनको व्यवस्थापन, संरक्षण, विकास तथा त्यस्तो वनबाट प्राप्त हुने वन पैदावारहरूको सदुपयोग वा भोगचलनको निरन्तरतालाई सम्झनु पर्छ ।

(ङ) "वन माथिको पहुँच" भन्नाले वनको संरक्षण र व्यवस्थापनमा सहभागि हुने र निर्णय लिने, वनबाट प्राप्त हुने वन पैदावारलाई प्राप्त गर्ने, सदुपयोग वा भोगचलन गर्ने, वन क्षेत्रमा निर्वाध रूपमा प्रवेश र आवतजावत गर्ने अधिकारलाई सम्झनु पर्छ ।

(च) "वन माथिको स्वामित्व" भन्नाले परम्परागतरूपमा संरक्षण, भोगचलन, उपयोग गर्दै आईरहेको वनक्षेत्र माथि त्यस्तो वनक्षेत्रको आसपासमा बसोबास गर्ने स्थानीय समुदाय, आदिवासी जनजाति, महिला, दलित, लगायतका उक्त वन क्षेत्रबाट आश्रित एवं लाभान्वित वन देखि टाढाका समुदायलाई त्यस्तो वनक्षेत्रको निरन्तररूपमा संरक्षण, भोगचलन, उपयोग गर्न पाउने गरी प्राप्त हुने त्यस्तो वनक्षेत्र माथिको समुदायको सामूहिक स्वामित्वलाई सम्झनुपर्छ ।

(छ) "वन अधिकार" भन्नाले परिच्छेद-२ मा उल्लेखित वनसम्बन्धी अधिकारलाई सम्झनु पर्छ ।

(ज) "स्थानीय वन परिषद्" भन्नाले दफा २० बमोजिम गठन हुने वन अधिकार संरक्षण स्थानीय वन परिषद्लाई सम्झनु पर्छ ।

(झ) "स्थानीय समुदाय" भन्नाले वनक्षेत्रसंग सिमाना जोडिएको वनक्षेत्रबाट आश्रित एवं लाभान्वित आदिवासी जनजाति, महिला, दलित लगायतका स्थानीय समुदायमा बसोबास गर्ने सम्पूर्ण समुदायलाई सम्झनु पर्छ ।

(ञ) "अन्य समुदाय" भन्नाले सामुदायिक वनबाट प्राप्त हुने वन पैदावार आफ्नो घर परिवारको जीविको पार्जनको लागि कुनै न कुनै रुपले सदुपयोग गर्दै आईरहेको, वन पैदवारको लागि त्यस्तो वन क्षेत्रबाट आश्रित एवं लाभान्वित भौगोलिक रूपमा वन क्षेत्रदेखि टाढा रहेको घर, परिवार र समुदायलाई सम्झनु पर्दछ ।

(ट) "अधिकारवाला" भन्नाले यस ऐन बमोजिम वन अधिकार प्राप्त हुने व्यक्ति, परिवार वा समुदाय समेतलाई सम्झनु पर्छ ।

(ठ) "वन क्षेत्र" भन्नाले निजी स्वामित्वको हक भोगको र प्रचलित कानूनले अन्यथा व्यवस्था गरेको वाहेकको वन सिमाना लगाइएको वा नलगाइएको वनले घेरिएको वा वनभित्र रहेको घाँसे मैदान, नांङ्गो पहाड, बाटो, पोखरी, तालतलैया, सिमसार, नदी, खोलानाला, बगरले ओगटेको क्षेत्र सम्झनु पर्छ।

(ङ) "वन पैदावार" भन्नाले वनमा रहेको वा पाइएको वा वनबाट ल्याइएको काठ, दाउरा, गोल, खैरकच, खोटो, काठको तेल, बोक्रा, लाहा, पिपला, पिपली, वा रुख, पात, फल, फूल, मौवा, चिराइतो, च्याउँ र सबै प्रकारका जङ्गली जडीबूटी, वनस्पती तथा तीनका विभिन्न भाग वा अङ्ग, वा चट्टान, माटो, ढुङ्गा, गिट्टी, बालुवा वा पशुपन्छी, वन्यजन्तु र पशुपन्छी वा वन्यजन्तुको आखेटोपहार सम्झनु पर्छ।

(ढ) "सामुदायिक वन" भन्नाले संघीय वन ऐन, २०७६ अनुसार समुदायद्वारा व्यवस्थापन गरेको वन लगायत कबुलियती वन, धार्मिक वन, परम्परागत विधिबाट संरक्षण र व्यवस्थापन गर्दै आएको वन र अन्य समुदायमा आधारित वन समेतलाई सम्झनु पर्छ ।

(ण) "पारिवारिक निजी वन" भन्नाले आफ्नो स्वामित्वमा रहेको जग्गामा पारिवारिक तथा निजी स्वामित्वको जग्गामा पारिवारिक तथा निजी तवरले संरक्षण र व्यवस्थापन गर्दै आएको वनलाई सम्झनु पर्छ ।

(त) "परम्परागत उपभोक्ता" भन्नाले जीवनयापनको लागि परापूर्वकालदेखि स्थानीय रीतिरिवाज, संस्कृति, मौलिक परम्परा अनुसार आफ्नै मौलिक विधि र प्रकृयाबाट निश्चित वन क्षेत्र उपभोग गर्दै आएका समुदायलाई सम्झनु पर्दछ ।

(थ) "परम्परागत जीवन पद्धति" भन्नाले परापूर्व कालदेखि मौलिक परम्परा, पेशा र अभ्यासको आधारमा जीवनयापन गर्ने मौलिक जीवनशैली वा अभ्यासलाई सम्झनु पर्दछ ।

(द) "सामुदायिक वनको स्वामित्व" भन्नाले वनको हैसियत नखस्किने गरी संरक्षण, व्यवस्थापन र लाभ प्राप्त गर्ने गरी समुदायले प्राप्त गर्ने वन माथिको समुदायको सामूहिक स्वामित्वलाई जनाउने छ ।

(ध) "सामुदायिक वन उपभोक्ता समुह" भन्नाले सामुदायिक वनको संरक्षण, व्यवस्थापन, भोगचलन र प्रयोगको लागि सम्बन्धित वन क्षेत्रबाट आश्रित एवं लाभान्वित आदिवासी जनजाति, महिला, दलित, लगायतका स्थानीय समुदायमा बसोबास गर्ने सम्पूर्ण वर्ग, लिङ्ग, जाति र घरधुरीको अनिवार्य प्रतिनिधित्व हुने गरी गठन हुने उपभोक्ता समूहलाई सम्झनु पर्छ ।

(न) "सामुदायिक वन उपभोक्ता समिति" भन्नाले समुदायिक वनउपभोक्ता समूहको साधारण सभाले चयन गरेको कार्य समितिलाई जनाउने छ ।

(प) "उद्योग" भन्नाले लघु, घरेलु, साना, मझौला र ठूला उद्योग सम्झनु पर्छ ।

(फ) "तोकिएको" वा "तोकिए बमोजिम" भन्नाले यस ऐन अन्तर्गत बनेको नियमहरूमा तोकिएको वा तोकिए बमोजिम सम्झनु पर्छ।

(ब) "वातावरणीय सेवा" भन्नाले वन क्षेत्रको पारिस्थितिकिय प्रणालीबाट प्राप्त हुने तपसिल वमोजिमको सेवा तथा लाभ सम्झनु पर्छ ।

क) कार्वन

ख) जैविक विविधताको संरक्षण

ग) जलचक्र प्रणाली

घ) पर्यापर्यटन

ङ) तोकीय वमोजिमको अन्य लाभ

## परिच्छेद २

## समुदायद्वारा वनको स्वामित्व, वन अधिकार र दायित्व

**३. सामुदायिक वनको रूपमा स्वामित्व प्राप्त गर्नेः–** स्थानीय समुदायलाई राष्ट्रिय वनको कुनै भाग एवं सार्वजनिक पर्ति जग्गामा वन विकास संरक्षण भोगचलन उपयोगको अधिकार समुदायमा वन दर्ता गरी सामुदायिक वनको रुपमा प्राप्त हुनेछ ।

**४. सामुदायिक वनमा स्थानीय समुदायको अधिकारः–**

(१) सामुदायिक वनमा समुदायिक रूपमा स्थानीय समुदायले देहाय बमोजिमका वन सम्बन्धी अधिकारहरुः-

(क) स्थानीय समुदाय एक आपसमा भेला भई आफ्नो क्षेत्रको वनको दीगो व्यवस्थापन, जैविक विविधताको संरक्षण, सम्वर्द्धन, प्रवर्द्धन, वन पैदावरको विकास र उपयोग गर्नका लागि सामुदायिक वन व्यवस्थापन समूह गठन गर्ने,

(ख) सामुदायिक वन क्षेत्रमा रहेको प्राकृतिक श्रोत साधनको विकास, संरक्षण, व्यवस्थापन, नियन्त्रण र उपयोग गर्ने,

(ग) पानीको मुहान तथा अन्य प्राकृतिक वन्यजन्य पैदावारहरु प्राप्त गर्ने समुदायको निर्णय बमोजिम व्यवस्थित गरेको बाहेक विना अवरोध आवत जावत गर्ने, व्यवस्थित चरिचरण गर्ने,

(घ) सामुदायले व्यवस्थित गरि वनपैदावारको स्वतन्त्र रूपमा मूल्य निर्धारण गरी बिक्री वितरण गर्ने,

(ङ) वातावरणीय सेवा बापतकोलाभ प्राप्त गर्ने,

(च) वनश्रोतको उपयोगबाट सामाजिक, सांस्कृतिकर आर्थिक आवश्यकताको पूर्ति गरिगरिबी निवारणमा टेवापुर्‍याउने,

(छ) ऐतिहासिक, सांस्कृतिक र धार्मिक सम्पदाहरूकोसंरक्षण, व्यवस्थापन, सदुपयोग र नियन्त्रणमा राख्ने,

(ज) सामुदायिक वनश्रोतको शुल्क निर्धारण गरी असुलउपर गर्ने शुल्कछुट वा मिनाहा दिने,

(झ) सामुदायिक वनको व्यवस्थापनको लागि सामुदायिक वन उपभोक्तासमुह र आवश्यकता अनुसारकोउपसमितिहरू गठन गर्ने,

(ञ) सामुदायिक वन व्यवस्थापनको लागि आवश्यक कार्ययोजना वनाईलागू गर्ने, गराउने,

(ट) वन व्यवस्थापनबाट प्राप्त लाभबाट आफ्नो समुदायको कमजोर अवस्थामा रहेका परिवार र व्यक्ति र समुदायको हितमा प्रयोग गर्ने।

(ठ) वन संरक्षण, विकास र व्यवस्थापनका लागि स्थानीय सरकार, प्रादेशीक सरकार र संघीय सरकारबाट आवश्यक सहयोग र बजेट प्राप्त गर्ने तथा सहकार्यमा कार्यक्रम सञ्चालन गर्ने,

(ड) वनको हैसियतमा नकारात्मक असर नपुग्ने गरि वनश्रोतकोपूर्णरूपमा व्यवस्थापन, नियन्त्रण र उपयोग गर्ने एवं वन उद्यमविकास गर्ने र त्यस्तो निर्णय लिने,

(ढ) वन पैदावर, वनश्रोत,वन कार्ययोजना बमोजिमउपभोक्ताले वनमा उत्पादन गरेको उत्पादन, वनमा आधारित उपभोक्ता समुहले संचालन गरेको उद्योग आदिलाई बैंक वा

वित्तिय संस्थामा धितो सुरक्षण राखी आवश्यक ऋण लिईदीगो वन व्यवस्थापन र वन उद्यम विकास गर्ने,

(ण) समुदायको वनसंग सम्बन्धित परम्परागत पेशा, अभ्यास, अनुभव, ज्ञान, सीप, दक्षताहरूको पहिचान गरी संरक्षण, आधुनिकीकरण, औद्योगिकीरण रबजारीकरणका लागि चाहिने वन पैदावरजन्य कच्चा पदार्थहरू स्वतन्त्रतापूर्वक प्राप्त गर्ने र उत्पादित बस्तुलाई उपभोग गर्ने रबजारमा बिक्रि बितरण गरी लाभ प्राप्त गर्ने,

(२) सामुदायिक वन उपभोक्ता समुहको सदस्यको वन अधिकारहरूः-

(क) सामुदायिक वनक्षेत्रमा रहेको प्राकृतिक श्रोत साधनको विकास, संरक्षण, उपयोग र व्यवस्थापन गर्ने कार्यमा सहभागि हुने,

(ख) वनक्षेत्रमा रहेको प्राकृतिक श्रोत साधन र वनपैदावारहरू तोकिए बमोजिम प्राप्त गर्ने,

(ग) सामुदायिक वन उपभोक्ता समुहमा सहभागी हुने र नेतृत्व लिने एवं निर्णय प्रकृयामा भाग लिने,

(घ) सामुदायिक वनबाट प्राप्त लाभको हिस्सा प्राप्त गर्ने,

(ङ) वन क्षेत्रभित्र रहेको ऐतिहासिक, सांस्कृतिक र धार्मिक सम्पदाहरूकोसंरक्षण, उपभोग र व्यवस्थापनमा भाग लिने,

(३) उपदफा (२) मा उल्लेखित अधिकारको अतिरिक्त समुदायका सदस्यहरुको विशेष अधिकारहरूः-

(क) कुनै विशिष्ट जाती वा समुदायसंग मात्र सम्बन्धित वा त्यस्तोसमुदायको परम्परागत ज्ञान,सिप, पेशा र जीविकोपार्जनकोसिपसंग सम्बन्धीत प्राकृतिक श्रोत साधन वा वनपैदवारहरू माथिप्राथमिकता प्राप्त गर्ने,

(ख) सामुदायिक वनको संरक्षण र उपभोग गरि परम्परागत ज्ञान, सीप,पेशा र जीवनशैलीको अभ्यासलाई निरन्तरता दिने,

(ग) परम्परागत औषधी उपचार (आम्ची) पद्धति लगायत परम्परागतज्ञान, सीप लगायतका बौद्धिक सम्पत्तिको संरक्षणमा निरन्तरतादिने,

(घ) वनक्षेत्र भित्र प्रचलित कानूनबाट निषेध नगरिएका परम्परागत ज्ञान, सीप, पेशा र जीवनशैलीसंग सम्बन्धीत अभ्यासहरूको निरन्तरतादिने ।

(४) सामुदायिक वन संरक्षण तथा व्यवस्थापनमा नियमित रूपमासहभागी हुन नसक्ने उपभोक्ताहरूलाई उनीहरूले वन संरक्षणमापुर्‍याउने योगदान र वनश्रोतको उपयोगको आधारमा वर्गीकरण गरीसामुदायिक वनबाट देहाय बमोजिमका अधिकारहरू प्रात हुनेछन् ।

(क) सामुदायिक वनबाट वनपैदावार सहुलियत दरमा प्राप्त गर्ने,

(ख) सामुदायिक वनबाट प्राप्त लाभ तोकिए बमोजिम प्राप्त गर्ने ।

(ग) वन क्षेत्रभित्र रहेको ऐतिहासिक, सांस्कृतिक र धार्मिक सम्पदाहरूकोउपभोग गर्न पाउने,

(५) उपदफा (१), (२), (३), (४) को अतिरिक्त स्थानीय परिवेशअनुसार कुनै बिशिष्ट अधिकार कुनै बिशेष समुदाय, बर्ग वा जातीलाईदिनुपर्ने देखिएमा त्यस्तो अधिकारको सूचि सामुदायिक वनउपभोक्ता समूहकोआमभेलाबाट पारित गरि हेटौंडा उपमहानगरपालिका समक्ष जानकारी गराउने ।

(६) वनमा आधारित उद्यम विकासः–

(क) वनमा आधारित उद्योगले सामुदायिक वा निजी वनक्षेत्रको काठजन्य, पानीजन्य वा गैरकाठजन्य, जडिबुटीजन्य, चिडियाखाना, वन्यजन्तुको पालन, लगायत अन्य वनपैदावार वा वन्यजन्तुमा आधारित उत्पादनहरू व्यावसायीक रूपमा गर्ने र त्यस्तो उत्पादन बिक्रिबितरण गर्न सक्नेछन् ।

(ख) खण्ड (क) बमोजिम तेस्रोपक्षलाई सामुदायिक उद्योग संचालन गर्नको लागि अनुमति दिँदा प्रतिस्पर्धात्मक आधारमा समुदायले प्रत्यक्षरूपमा लाभ प्राप्त गर्ने गरी दिनु पर्नेछ। यसरी उद्यम संचालन गर्नको लागि तेस्रोपक्ष छनोट गर्दा समुदाय भित्रकै व्यक्ति, कम्पनी वा संस्थालाई उच्च प्राथमिकता दिनु पर्नेछ ।

**५. सामुदायिक वनमा उपभोक्ता समुहको उत्तरदायित्वः–**

(१) प्रचलित कानून, यस ऐन, नियमावली र समय समयमा जारी गरेको निर्देशिकाको अधिनमा रहिसामुदायिक वनश्रोतको वातावरणीय रूपमा दिगो व्यवस्थापन गर्नेउत्तरदायित्व उपभोक्ता समुहको हुनेछ ।

(२) सामुदायिक वन व्यवस्थापनमा स्थानीय समुदायको पूर्णरूपमा सहभागितागराउने उत्तरदायित्व उपभोक्ता समुहको हुनेछ ।

(३) सामुदायिक वनश्रोतको पारदर्शी, उत्तरदायी ढंगले व्यवस्थापन गर्न सुनिश्चित गर्ने उत्तरदायित्व उपभोक्ता समुहको हुनेछ ।

(४) सामुदायिक वन व्यवस्थापन कार्ययोजना अनुरुप सामुदायिकवनश्रोतको प्रभावकारी रूपमा व्यवस्थापन भए नभएको सन्दर्भमास्थानीय सरकारमा तोकिए बमोजिम आवधिक प्रतिवेदन पेश गर्ने उत्तरदायित्व उपभोक्ता समुहको हुनेछ ।

(५) समुदायबाट व्यवस्थापन गरिएको सामुदायिक वनश्रोतको आयर अन्य लाभबाट सामुदायिक वन उपभोक्ता समुहको साधारण सभा रसाधारणसभाले कार्यसमितिलाई तोके बमोजिम समुदायको विकासमायोगदान गरेको छ भन्ने सुनिश्चितता दिने उत्तरदायित्व उपभोक्तासमुहको हुनेछ ।

(६) दिगो वन व्यवस्थापन गरी वनपैदावारको उत्पादनमा वृद्धि ल्याउन चरिचरन, आगलागी, चोरी कटानी, अतिक्रमण आदिबाटसामुदायिक वनलाई जोगाई सामुदायिक वन संरक्षण गर्ने उत्तरदायित्वउपभोक्ता समुहको हुनेछ ।

(८) सामुदायिक वनक्षेत्रको झाडी सफाई र खाली ठाउँमा वृक्षारोपण गर्ने, प्राकृतिक पुनरुत्पादनकोव्यवस्थापन गर्ने, उपयुक्त वन सम्बधी प्रणाली (एक्ल्याउने, बाक्लो वनपत्ल्याउने, रोग लागेका तथा सुकेका रुखहरू हटाउने जस्ता कार्यगरी वनको हैसियतमा सुधार्दै लैजाने जस्ता वन संबद्धन गर्ने उत्तरदायित्वउपभोक्ता समुहको हुनेछ ।

**६. सामुदायिक वनबाट प्राप्त लाभको बाँडफाड सम्बन्धी व्यवस्थाः–**

(१) सामुदायिक वनबाट प्राप्त वन पैदावार उपयोग तथा विक्री वितरणबाटप्राप्त लाभको बाँडफाड देहाय बमोजिम गरिनेछ ।

(क) सामुदायिक वनको वन पैदावार बिक्री वितरण तथा वनश्रोतबाटप्राप्त रकम सामुदायिक वन उपभोक्ता समूहको साधारण सभाले यस ऐन बमोजिम प्राथमिकताका आधारमा साधारण सभाले तोके बमोजिम हुनेछ

(ख) लाभको बाँडफाड गर्दा २५ प्रतिशत वन संरक्षणमा खर्च गरी वाकी रहेको रकम मध्यवाट ५० प्रतिशत विपन्न वर्ग, उद्यम विकास र महिला शसक्तिकरण र ५० प्रतिशत रसामाजिक सस्थागत विकासमा खर्च गरिने छ ।

**७. सामुदायिक वनको स्वामित्व खोस्न नसक्नेः**

(१) समुदायले प्राप्त गरेको सामुदायिक वन र त्यस्तो सामुदायिक वनक्षेत्रको स्वामित्व फिर्ता लिने र वन उपभोक्ता समूहको दर्ता खारेज गर्न सक्नेछैन। तर, देहायको कार्य गरेमा सामुदायिक वनउपभोक्ता समुहलाई सचेत बनाई त्यस्तो कार्य नगर्न नगराउन हेटौंडा उपमहानगरपालिकाले आवश्यक निर्देशन दिने र आवश्यक कारबाही गर्न सक्नेछ ।

(क) सामुदायिक वन उपभोक्ता समूहले प्रचलित कानूनले निषेध गरेको कार्य गरेमा,

(ख) सामुदायिक वन उपभोक्ता समुहले वन व्यस्थापन कार्य योजना बमोजिम कार्य सञ्चालन गर्न नसकेमा,

(ग) सामुदायिक वनको वास्तविक हैसियत खस्कने वा वन संरक्षणमा उल्लेखनीय प्रतिकूल असर पर्ने कुनै कार्य गरेमा,

(घ) स्थानीय वन ऐन २०७६ अनुसार कार्य नगरेमा,

(२) उपदफा (१) बमोजिम वन उपभोक्ता समूहलाई सचेत गराउने लगायतका आवश्यक कारबाही गर्दा सफाई पेश गर्ने उचित मौका दिइनेछ ।

(३) उपदफा (१) र (२) मा जुनसुकै कुरा लेखिएको भए तापनि सामुदायिक वन उपभोक्ता समूहका पदाधिकारी, सदस्य वा कुनै व्यक्तिले समुदायको हितको नाममा सामुदायिक वन उपभोक्ता समुहको विधान, कार्ययोजना र समुदायको हित बिपरित कुनै काम कारबाही गरेमा त्यस्तो पदाधिकारी, सदस्य वा व्यक्तिलाई उपभोक्ता समुहको विधान, प्रचलित कानून बमोजिम कारबाही गर्न बाधा पुर्याएको मानिने छैन।

**८. स्थानीय समुदायसंग मञ्जुरी लिनु पर्नेः–**

(१) नेपाल सरकार, प्रदेश सरकार र स्थानीय सरकारले देहाय बमोजिमका निर्णय लिनुपूर्वसामुदायिक वन उपभोक्ता समूहको अनिवार्यरूपमा मञ्जुरी लिनु पर्नेछ ।

(क) सामुदायिक वनलाई वनको रूपमै संरक्षण र व्यवस्थापनमा निरन्तरता नदिई अन्य कुनै सार्वजनिक हितको लागि प्रयोग गर्न,

(ख) सामुदायिक वन उपभोक्ता समुहलाई प्रभावित पार्ने कुनै योजना तर्जुमा तथा कार्यान्वयन गर्दा,

(२) राष्ट्रिय रूपमा वन अधिकार र प्राकृतिक श्रोत साधनसंग सम्बन्धित नीति, ऐन, कानून तथा कार्यक्रमहरू निर्माण गर्दा त्यस्तो नीति,ऐन, कानून, तथा कार्यक्रमहरूले कुनै जाति, वर्ग वा समुदायलाई प्रभावित पार्ने देखिएमा सम्बन्धित अन्तर्राष्ट्रिय सन्धि/महासन्धि, घोषणा–पत्र, सम्झौता र नेपाल सरकारले व्यक्त गरेका प्रतिबद्धताहरूमा विपरित नहुने गरि निर्माण गर्नेछ।

**९. सहभागिता र प्रतिनिधित्व सम्बन्धी व्यवस्थाः**

(१) जल, जंगल र जमिन लगायतका प्राकृतिक श्रोत र साधनसँग सम्वन्धित स्थानीय समुदाय, आदिवासी जनजाति, महिला, दलित यस ऐन बमोजिमको अधिकार वा वन सम्बन्धी उनीहरूको परम्परागत ज्ञान, सीप र जीवनशैलीमा प्रभावित पार्ने स्थानीय रूपमा स्थानीय नीति नियम, कार्यक्रमहरू तर्जुमा गर्दा त्यस्तो समुदायलाई सहभागिता सुनिश्चित गराईनेछ।

(२) समुदायमा आधारित वनको स्थानीय तहको उपभोक्ता समितिहरूमा महिला, आदिवासी जनजाति,दलित, अल्पसंख्यक, मधेशी, सीमान्तकृत समुदायकोसमावेशी सिद्धान्तका आधारमा प्रतिनिधित्व गर्न पाउने अधिकार हुनेछ । यसरी प्रतिनिधित्व गराउदा निर्णायक तह(पदाधिकारी) लगायतमा कम्तिमा ५० प्रतिशत महिलाको प्रतिनिधित्वको सुनिश्चित गराईनेछ।

(३) उपदफा (२) बमोजिमको समानुपातिक समावेशी सिद्धान्तको आधारमा सहभागिता तुल्याउदा समेत समुदायको गरिब, बिपन्न, दलित वा अल्पसख्यक समुदायको उचित प्रतिनिधित्व हुन नसकेमा स्थानीय समुदायको आवश्यकताका आधारमा त्यस्तो समुदायलाई बिशेष संरक्षण सहितको प्रतिनिधित्वको व्यवस्था गर्न सक्ने छ ।

**१०. सामुदायिक वनलाई प्राथमिकता दिनु पर्नेः**

(१) सामुदायिक वनको रूपमा उपभोक्ता समूहलाई पहिलो प्राथमिकता दिईने छ।

(२) सामुदायिक वन, प्रथाजनित व्यवस्थित वन क्षेत्रलाई राज्यले प्राथमिकता प्राप्त क्षेत्रको रूपमा राख्नुपर्नेछ ।

**११. राष्ट्रिय वनमा प्राप्त हुने सामुदायिक अधिकार**

(१) राष्ट्रिय वन र सिमसार क्षेत्र लगायत नेपाल सरकार र प्रदेश सरकारको संरक्षण र व्यवस्थापनमा रहेका राष्ट्रिय वनमा त्यस्तो वन क्षेत्रसंग सिमाना जोडिएको वा त्यस्तो वन क्षेत्रको आसपासमा बसोबास गर्ने समुदायले देहायको अधिकारहरू निर्वाध रूपमा उपभोग गर्न पाउँने छन् ।

(क) परम्परागत रूपमा सार्वजनिक बाटोको रूपमा उपभोग गर्दै आईरहेको राष्ट्रिय वनक्षेत्र भित्र पर्ने बाटोमा आवत जावत गर्ने, पानीको मुहानहरूको निर्वाध रूपमा निरन्तर उपभोग गर्ने,

(ग) परम्परागत रूपमा वनपैदावारको श्रोतको रूपमा उपभोग गर्दै आईरहेको वनक्षेत्र भित्रबाट वनको हैसियत नबिग्रने गरी संरक्षण र व्यवस्थापन समेत गरी त्यस्तो वनक्षेत्रबाट वन पैदवार निर्वाधरूपमा प्रयोग गर्ने र त्यस्तो वन पैदावारको बिक्रि बितरणबाट लाभ प्राप्त गर्ने,

(घ) परम्परागत रूपमा चरिचरण, गर्दै आईरहेको क्षेत्रमा वनको हैसियत नबिग्रने गरी चरिचरण रूपमा उपभोग गर्ने,

(ङ) राष्ट्रिय वन क्षेत्रभित्र रहेको ऐतिहासिक, सांस्कृतिक र धार्मिकस्थल र सम्पदाहरूमा निर्वाध रूपमा आवतजावत गर्ने, त्यस्तो स्थलको संरक्षण, व्यवस्थापन, सदुपयोग र नियन्त्रणमा राख्ने,

(च) राष्ट्रिय वन क्षेत्रभित्रका वन्यजन्तुले मानवीय, घरपालुवा जनावार र स्थानीय समुदायको वालिनालीमा क्षति पुर्‍याएमा त्यस्तो क्षतिको मनासिब माफिकको क्षतिपूर्ति हेटौंडा उपमहानगरपालिकाले सम्बन्धित निकायमा सिफारस गर्नेछ ।

(छ) राष्ट्रिय वनमा कार्बनको संचितिकरण र भण्डारण गरेबापतको लाभ प्राप्त गर्ने र त्यस्तो लाभ सामुदायिक हितमा प्रयोग गर्ने,

(ज) सिमसार क्षेत्र र राष्ट्रिय वनको व्यवस्थापनमा प्रत्यक्ष रूपमा सहभागी हुने,

(२) उपदफा (१) को खण्ड (क),(ख), (ग) र (घ) मा उल्लेखित स्थानीय समुदायको परम्परागत भोगमा रहेको बाटो, पानीको मुहान, वनपैदावार, चरिचरणका लागि उपभोग गर्दै आईरहेको वनक्षेत्र वा श्रोतको सार्वजनिक हितको लागि प्रयोग गर्नु पर्ने देखिएमा हेटौंडा उपमहानगरपालिकाले स्थानीय समुदायको पूर्व सुसुचित मञ्जुरी लिई त्यस्तो वनक्षेत्र सार्बजनिक हितको लागि प्रयोग गर्न सक्नेछ ।

(३) उपदफा (१) बमोजिमको समुदायको परम्परागत भोग चलनमा रहेको बाटो, प्राकृतिक श्रोत साधन, ऐतिहासिक, सांस्कृतिक र धार्मिकस्थल र सम्पदाहरूलाई उपदफा (२) बमोजिम प्रयोग गर्दा स्थानीय समुदायलाई आवश्यक पर्ने त्यस्तो सार्बजनिक बाटो वा प्राकृतिक श्रोत साधनको वैकल्पिक व्यवस्था हेटौंडा उपमहानगरपालिकाले तत्काल मिलाउनु पर्नेछ । यसरी सार्वजनिक वाटो मर्मत संभार र स्तर उन्नति गर्दा प्राप्त हुने वन पैदावर सम्वन्धित उपभोक्ता समुहको निर्णय अनुसार उपयोग गरिने छ ।

(४) उपदफा (१) बमोजिमको समुदायको परम्परागत भोग चलनमा रहेको बाटो, प्राकृतिक श्रोत साधन, ऐतिहासिक, सांस्कृतिक र धार्मिकस्थल र सम्पदाहरूको उपदफा(२) बमोजिम अन्य कार्यमा प्रयोग गर्दा सम्बन्धित समुदायलाई पुग्न गएको आर्थिक, सामाजिक, सांस्कृतिक, धार्मिक, भावनात्मक क्षति समेतलाई मध्यनजर राखीसम्बन्धित समुदायलाई हेटौंडा उपमहानगरपालिकाको सिफारिसमा उचित क्षतिपूर्ति दिनु पर्नेछ।

## परिच्छेद– ३

## सामुदायिक वन तथा अन्य वन दर्ता तथा हस्तान्तरण

**१२. सामुदायिक वन तथा अन्य वन दर्ता तथा हस्तान्तरणः-**

(१) साविकमा दर्ता तथाहस्तान्तरण भएका सामुदायिक वन उपभोक्ता समूहहरु, कवुलियति वन उपभोक्ता समूहहरु, धार्मिक वनहरु यसै ऐन द्धारा सन्चालन व्यवस्थापन हुनेछन ।

(२) दर्ता तथा हस्तान्तरण नभएका वन क्षेत्रलाई सामुदायिक वन उपभोक्ता समूहहरु, कवुलियति वन उपभोक्ता समूहहरु, धार्मिक वन, पारीवारीक नीजि वनहरु दर्ता तथा हस्तान्तरण गरी यसै ऐन द्धारा सन्चालन तथा व्यवस्थापन हुनेछन् ।

## परिच्छेद–४

## सामुदायिक वन सम्वन्धी व्यवस्था

**१३. सामुदायिक वन सुम्पनेः**उपभोक्ता समूहले कार्ययोजना वमोजिमको संरक्षण सम्बद्र्धन उपयोग व्यवस्थापन गर्न तथा स्वतन्त्ररुपले वन पैदावारको मुल्य निर्धारण गर्ने गरी विक्री वितरण गर्न पाउने गरी हेटौंडा उपमहानगरपालिकाले राष्ट्रिय वनको कुनै सामुदायिक वन उपभोक्ता समूहलाई हस्तान्तरणको सिफारिस दिनेछ ।

**१४. कार्ययोजना संशोधनः** (१) उपभोक्ता समूहले वन व्यवस्थापन सम्बन्धी कार्ययोजना आवश्यकता अनुसार समायनुकुल परिमार्जन गर्न सक्ने छ ।परिमार्जन गर्दा हेटौंडा उपमहानगरपालिकाको नितिगत व्यवस्थाको अधिनमा रहि समन्वय र सहभागितामा गर्नु पर्नेछ।

(२) उपदफा (१) बमोजिम उपभोक्ता समूहले कार्ययोजनामा गरेको परिमार्जन वातावरणमा उल्येख्यनीय प्रतिकुल असर पर्ने देखिएमा स्थानीय सरकारले यस्तो परिमार्जनको जानकारी प्राप्त भएको ३० दिन भित्र सो परिमार्जन लागु नगर्न निर्देशन दिनेछ। सामुदायिक वन उपभोक्ता

समुहले आफनो कार्ययोजना हेटौंडा उपमहानगरपालिकालाइ जानकारी गराएको ३० दिन भित्र कुनै जानकारी नभएमा समुहले स्वत कार्यन्वयन गर्न सक्ने छ ।

**१५. उपभोक्ता समूहको दर्ताः** (१) उपभोक्ता समूहदर्ता गराउन उपभोक्ताको विधान सहित हेटौंडा उपमहानगरपालिका समक्ष अनुसुचि १ बमोजिमको ढाचामा निवेदन पेश गर्नु पर्नेछ ।

(२) उपदफा (१) बमोजिमको दर्खास्त पर्न आएमा हेटौंडा उपमहानगरपालिकाले आवश्यक जाँचबुझ गरी त्यस्तो उपभोक्ता समूहलाई तोकिए बमोजिम गर्न आवश्यक सिफारिस गर्नेर यस पुर्व दर्ता भएका लाई सुचिकरण गर्नेछ।

(३) दर्ता भएका सामुदायिक वन उपभोक्ता समूहहरु, कवुलियति वन उपभोक्ता समूहहरु, धार्मिक वनहरु एक बर्ष भित्र हेटौंडा उपमहानगरपालिका सुचिकृत हुनुपर्नेछ। सुचिकृत संस्थालाई अनुसुचि २ बमोजिमको ढाँचामा प्रमाण पत्र उपमहानगरपालिकाले दिनु पर्नेछ। यस्ता सुचिकृत समुहको विधान, कार्ययोजना र आवधिक लेखा परिक्षण पेश गर्नु पर्नेछ।

**१६. उपभोक्ता समूह संगठित संस्था रहनेः**सामुदायिक वन उपभोक्ता समूहहरु अविच्छिन्न उत्तराधिकारवाला स्वशासित र संगठित संस्था हुनेछन् ।

(१) समूहको छुट्टै छाप हुनेछ ।

(२) समूहको आफ्नौ टाँचा हुनेछ ।

(३) उपभोक्ता समूहले व्यक्ति सरह चल अचल सम्पत्ती प्राप्त गर्न, उपभोग गर्न, बेचविखन गर्न वा अन्य किसिमको बन्दोवस्त गर्न पाउनेछ ।

(४) उपभोक्ता समूहले व्यक्ति सरह नालिस उजुर गर्न र सो उपर पनि सोही नाम बाट नालिस उजुर गर्न सक्नेछ।

**१७. प्रतिवेदन दिनुपर्ने**

(१) सामुदायिक वन उपभोक्ता समूहहरु, कवुलियति वन उपभोक्ता समूहहरु, धार्मिक वन प्रत्येक बर्ष आर्थिक बर्ष समाप्त भएको तीन महिना भित्र तोकिए बमोजिम आर्थिक विवरण तथा सामुदायिक वनको स्थिति समेत खुलाई आफ्नो क्रियाकलापको बार्षिक तथा प्रगति प्रतिवेदन हेटौंडा उपमहानगरपालिकामा पेश गर्नुपर्नेछ ।

**१८. उपभोक्ता समूहको कोषः** (१) उपभोक्ता समूहको आफ्नो एउटा छुट्टै कोष हुनेछ । कोषमा देहायका रकम जम्मा हुनेछ।

(क) संघिय सरकार, प्रदेश सरकार र स्थानीय सरकारबाट प्राप्त हुने अनुदान रकम

(ख) कुनै व्यक्ति वन संस्थाबाट प्राप्त अनुदान, साहायता वा दान दातव्य रकम

(ग) वन पैदावार (जैविकविविधता) को विक्रिवितरण वाट प्रप्त रकम

(घ)उद्योग तथा पर्यपर्यटन सन्चालनवाट प्राप्त रकम

(ङ) जरिवानाबाट प्राप्त

(च) अन्य कुनै श्रोतबाट प्राप्त रकम

(२) उपभोक्ता समूहको तर्फबाट गरिने खर्च उपदफा (१) बमोजिमको कोषबाट गरिनेछ ।कोष संचालन तोकिए बमोजिम हुनेछ।

## परिच्छेद–५
## वन अधिकार संरक्षण सम्बन्धी व्यवस्था

**१९. वन परिषद्को गठनः**

(१) वन अधिकार प्राप्त गर्ने स्थानीय समुदाय, आदिवासी जनजाति, महिला, दलित तथा उक्त वनक्षेत्रबाट आश्रित एवं लाभान्वित वनदेखि टाढाका समुदायको हक हित संरक्षण सम्बन्धी विषयमा नीति निर्माण गर्न तथा अधिकारवाला समुदायको हक हितका सम्बन्धमा हेटौंडा उपमहानगरपालिकालाई सुझाब दिनको लागि स्थानीय स्तरमा एक वन परिषद गठन हुनेछ ।

(२) उपदफा (१) बमोजिमको परिषद् देहाय बमोजिमका अध्यक्ष तथा पदाधिकारीहरू रहने छन्:

(क) नगर प्रमुख ........................................................................................ अध्यक्ष

(ख) उपप्रमुख ........................................................................................ सदस्य

(ग) वन तथा वातावरण समितिको संयोजक........................................................ सदस्य

(घ) प्रमुख प्रशासकीय अधिकृत...................................................................... सदस्य

(ङ) नगरसभाको सदस्य एक महिला सहित दुई................................................ सदस्य

(च) सामुदायिक वन उपभोक्ता महासंघको प्रतिनिधि.......................................... सदस्य

(छ) वन अधिकार, वातावरण संरक्षण र वन उपभोक्ताको हकहितसँग सम्बन्धित क्षेत्रमा काम गरेको व्यक्ति मध्येबाट उपमहानगरपालकाले मनोनीत गरेको एकमहिला सहित दुई........................................................................................सदस्य

(ज) वन, वातावरण तथा विपद् व्यवस्थापन महाशाखा प्रमुख ................................सदस्य

(झ) वातावरण ईन्जिनियर, हेटौंडा उ.म.न.पा. ..............................................सदस्य सचिव

(३) उपदफा (२) बमोजिम मनोनीत सदस्यहरूको पदावधि दुई वर्षको हुनेछ र निजहरू एक अवधिको लागि पुनः मनोनीत हुन सक्नेछन् ।

(४) परिषद्ले परिषद्को काम कार्बाहिलाई व्यवस्थित गर्ने प्रयोजनको लागि स्नातक उपाधि हासिल गरी वन, वातावरण वा कानूनको क्षेत्रमा कम्तीमा १० बर्षको अनुभव प्राप्त व्यक्तिलाई सदस्य सचिवको रूपमा नियुक्त गर्नेछ । सदस्य सचिवको कार्यअवधि ४ बर्षको हुनेछ । सदस्य सचिवको काम कर्तव्य र अधिकार नियमावली र निर्देशिकामा तोकिए बमोजिम हुनेछ ।

(५) परिषद्का पदाधिकारीहरु र कर्मचारीले हेटौंडा उपमहानगरपालिकाले तोकिदिए बमोजिमको सुविधा र तलवभत्ता पाउनेछन् ।

**२०. परिषद्को काम, कर्तव्य र अधिकारः**

(१) परिषद्को काम, कर्तव्य र अधिकार देहाय बमोजिम हुनेछः–

(क) वन र वनक्षेत्रमा रहेको प्राकृतिक स्रोत साधन (जल, जमिन, जंगल, वन्यजन्तु, खनिज, जैविक विविधता आदि) को परम्परागत रूपमा संरक्षण, भोगचलन, उपयोग गर्दै आईरहेका उक्त क्षेत्रमा बसोबास गर्ने स्थानीय समुदाय, आदिवासी जनजाति, महिला, दलित तथा उक्त वनक्षेत्रबाट आश्रित एवं लाभान्वित वनदेखि टाढाका समुदायको वनमाथिको पहुँच, स्वामित्व, प्रतिनिधित्व, लाभको बाँडफाड समेतमा अग्राधिकार सहितको वनसम्बन्धी अधिकार सम्बन्धी विषयमा नेपाल सरकारलाई सुझाव दिने ।

(ख) वन र वनक्षेत्रमा रहेको प्राकृतिक स्रोत साधन (जल, जमिन, जंगल, वन्यजन्तु, खनिज, जैविक विविधता आदि) को परम्परागत रूपमासंरक्षण, भोगचलन, उपयोग गर्दै आईरहेका उक्त क्षेत्रमा बसोबास गर्ने स्थानीय समुदाय, आदिवासी जनजाति, महिला, दलित तथा उक्त वनक्षेत्रबाट आश्रित एवं लाभान्वित वनदेखि टाढाका समुदायको वनमाथिको पहँुच, स्वामित्व, प्रतिनिधित्व, लाभको बाँडफाड समेतमा अग्राधिकार सहितको वनसम्बन्धी अधिकार सम्बन्धमा जानकारी गराउन कार्यक्रम र सूचनाहरू प्रचार प्रसार गर्ने, गराउने ।

(ग) वनमाथिको पहुँच, स्वामित्व, प्रतिनिधित्व, लाभको बाँडफाड समेतमा अग्राधिकार सहितको वनसम्बन्धी अधिकारको सम्बन्धमा सूचित गर्ने, गराउने ।

(घ) वनमाथिको पहुँच, स्वामित्व, प्रतिनिधित्व, लाभको बाँडफाड समेतमा अग्राधिकार सहितको वनसम्बन्धी अधिकार सम्बन्धमा अनुसन्धान गर्ने, गराउने ।

(ङ) वनमाथिको पहुँच, स्वामित्व, प्रतिनिधित्व, लाभको बाँडफाड समेतमा अग्राधिकार सहितको वनसम्बन्धी अधिकार सम्बन्धमा भइरहेका नीति परिवर्तन गर्ने वा नयाँ नीति बनाउने सम्बन्धमा हेटौंडा उपमहानगरपालिकालाई सुझाव दिने ।

(च) वनमाथिको पहुँच, स्वामित्व, प्रतिनिधित्व, लाभको बाँडफाड समेतमा अग्राधिकार सहितको वनसम्बन्धी हकहित र अधिकार संरक्षण सम्बन्धी स्थानीय, प्रादेशिक, संघीय तथा अन्तर्राष्ट्रिय सूचनाहरू अद्यावधिक राख्ने तथा राख्न लगाउने ।

(छ) स्थानीय समुदाय, आदिवासी, जनजाति, महिला, दलित, तथा उक्त वनक्षेत्रबाट आश्रित एवं लाभान्वित वनदेखि टाढाका समुदायको वनमाथिको पहुँच, स्वामित्व, प्रतिनिधित्व, लाभको बाँडफाड समेतमा अग्राधिकार सहितको वनसम्बन्धी अधिकारहरूको अनुगमन गर्ने गराउने र अनुगमन गर्दा देखिएका त्रुटीहरूको सुधार गर्न हेटौंडा उपमहानगरपालिकालाई सुझाब दिने ।

(ज) स्थानीय समुदाय, आदिवासी जनजाति, महिला, दलित, तथा उक्त वनक्षेत्रबाट आश्रित एवं लाभान्वित वनदेखि टाढाका समुदायको वनमाथिको पहुँच, स्वामित्व, प्रतिनिधित्व, लाभकोबाँडफाड समेतमा अग्राधिकार सहितको वनसम्बन्धी अधिकार संरक्षण गर्ने सम्बन्धमा उपयुक्त सम्झेको अन्य काम गर्ने, गराउने ।

(झ) परम्परागतरुपमा संरक्षण, सम्बर्द्धन र सदुपयोग गर्दै आएका स्थानीय समुदायको वनप्रयोगको अधिकारलाई राजनीतिक सिमाले वन्देज गर्ने छैन, यदि कुनै अवरोध सृजना भएमा आवश्यक समन्वय गरेर समाधान गर्ने ।

(ञ) सामुदायिक वनहरु बीच समन्वय गरेर स्थानीय आपूर्ति, प्राकृतिक प्रकोपलाई सर्वसुलभ वनाउनका लागि डिपो स्थापना गर्ने।

(ट) अन्तर हेटौंडा उपमहानगरपालिकाकाबीच वन पैदावार आपूर्ति व्यवस्था मिलाउनका लागि समन्वय गर्ने ।

(ठ) समुदायद्धारा संचालित कार्यक्रमहरु अनुगमन निरिक्षण तथा पृष्ठपोषण गर्ने

(ड) समुदायको आन्तरीक सुसासनको लागी आवस्यक सरसल्लाह, सुमाव र सहयोग गर्ने

(ढ) जैविकविविधताको अभिलेखिकरण गर्ने, अध्ययन अनुसन्धान गर्ने, संरक्षण तथा व्यवस्थापन गर्ने

**२१. परिषद्को बैठक सम्बन्धी कार्यविधिः**

(१) परिषद्को बैठक अध्यक्षले तोकेको मिति, समय र स्थानमा बस्नेछ ।

(२) परिषद्को सम्पूर्ण सदस्य संख्याको कम्तीमा पचास प्रतिशतभन्दा बढी सदस्यहरू उपस्थित भएमा परिषद्को बैठकका लागि गणपूरक संख्या पुगेको मानिनेछ ।

(३) परिषद्को बैठकको अध्यक्षता अध्यक्षले गर्नेछ र निजको अनुपस्थितिमा सदस्यहरू मध्येबाट जेष्ठ सदस्यले बैठकको अध्यक्षता गर्नेछ ।

(४) परिषद्कोनिर्णय परिषद्को अध्यक्षद्धारा प्रमाणित गरिनेछ ।

(५) परिषद्को बैठक सम्बन्धी अन्य कार्यविधि परिषद आफैंले निर्धारण गरे बमोजिम हुनेछ ।

**२२. जाँचबुझ र निरीक्षण गर्न सक्नेः**

(१) कुनै व्यक्ति, वन उपभोक्ता समुह, संगठित संस्था, सरकार, सरकारी तह, नीजि वा साझेदारी कम्पनी लगायत कसैले पनि यस ऐन बिपरित हुनेगरी समुदायको वन अधिकारमा प्रतिकूल प्रभाव पार्ने कार्य गरी रहेको वा यो ऐन वा यस ऐन अन्तर्गत बनेको नियम विपरीत कामकारवाही भइरहेको छ भन्ने विश्वास हुने मनासिव कारण भएमा वनअधिकार संरक्षण परिषद आफै वा परिषदले तोकेको प्रतिनिधिले आवश्यक जाँचबुझ र निरीक्षण गर्न, गराउन सक्नेछ ।

(२) उपदफा (१) बमोजिम जाँचबुझ र निरीक्षणबाट वन अधिकारको हनन् सम्बन्धी दोषी देखिएका व्यक्ति, वन उपभोक्ता समुह, संगठित संस्था, सरकार, सरकारी तह, निजी वा साझेदारी कम्पनी लगायतका व्यक्ति वा संस्थालाई प्रचलित कानून बमोजिम आवश्यक कारबाही गर्नको लागि परिषदले हेटौंडा उपमहानगरपालिकालाई सिफारिस गर्न सक्नेछ।

## परिच्छेद–६

## कसूर र सजाय सम्बन्धी व्यवस्था

**२३. वन अधिकारमा प्रतिकूल प्रभाव पार्न नहुने**

(१) कुनै व्यक्ति, वन उपभोक्ता समुह, संगठित संस्था, सरकार, सरकारी तह, निजी वा साझेदारी कम्पनी लगायत कसैले पनि यस ऐन विपरित हुनेगरी वन उपभोक्ता वा वन उपभोक्ता समुहको वन सम्बन्धी अधिकारमा प्रतिकूल प्रभाव पार्न हुदैन । तर, आम सार्वजनिक हितको लागि यस ऐनको दफा ११ बमोजिम वन उपभोक्ता समुह वा सम्बन्धित समुदायको स्वतन्त्र, पूर्व सू–सुचित मञ्जुरी लिई नेपाल सरकार वा सम्बन्धित तहको निर्णयले असल मनसायले गरेको कार्यलाई वन अधिकारको प्रतिकूल मानिने छैन ।

**२४. दण्ड सजायः** देहायको काम कारबाही गर्ने गराउनेलाई कसुरको मात्रा हेरी देहाय बमोजिम सजाय हुनेछः–

(१) दफा ४ को उपदफा (१) बमोजिमको अधिकार प्रयोग गर्न बञ्चित गराउने वा त्यस्तो अधिकार प्रयोग गर्नबाट रोक लगाउने कार्य गर्ने गराउनेलाई विगो खुलेकोमा बिगो बमोजिम र नखुलेकोमा अवस्था हेरेरतोकिए वमोजिम जरिवाना हुनेछ ।

(२) दफा ४ को उपदफा (२) बमोजिमको अधिकार प्रयोग गर्न बञ्चित गराउने वा त्यस्तो अधिकार प्रयोग गर्नबाट रोक लगाउने कार्य गर्ने गराउनेलाई विगो खुलेकोमा बिगो बमोजिम र नखुलेकोमा अवस्था हेरेर तोकिए वमोजिम जरिवाना हुनेछ ।

(३) दफा ४ को उपदफा (३), (४) र (५) बमोजिमको अधिकार प्रयोग गर्न बञ्चित गराउने वा त्यस्तो अधिकार प्रयोग गर्नबाट रोक लगाउने कार्य गर्ने गराउनेलाई विगो खुलेकोमा बिगो बमोजिम र नखुलेकोमा अवस्था हेरेर तोकिए वमोजिम जरिवाना हुनेछ ,

(४) दफा ८ बमोजिम वन उपभोक्ता समूहको अनिवार्यरूपमा स्वतन्त्र मञ्जुरी लिनु पर्नेमा नलिई कुनै कार्य गरे गराएबाट त्यस्तो वन उपभोक्ता समुहलाई पर्न गएको क्षतिको बिचार गरी उचित क्षतिपूर्ति दिनु पर्नेछ र त्यस्तो कार्य गर्ने गराउनेलाई विभागिय सजायको लागि सिफारिस गर्नु पर्नेछ।

**२५. मुद्दा हेर्ने अधिकारः**

(१) यस ऐन अन्तर्गत सजाय हुने कसुर सम्बन्धी मुद्दा गर्नुपर्ने कारण परेको मितिले ६ महिनाभित्रमा मर्का पर्ने पक्षले स्थानीय तहको न्यायीक समिति समक्ष मुद्दा दायर गर्न सक्ने छ।

(२) उपदफा (१) बमोजिम हेटौंडा उपमहानगरपालिकाको न्यायीक समितिले यस ऐन अन्तर्गत कारवाही गर्दा संक्षिप्त कार्यबिधि ऐन, २०२८ बमोजिमको कार्यविधि अपनाउने र अधिकार प्रयोग गर्नेछ ।

(३) उपदफा (१) बमोजिम हेटौंडा उपमहानगरपालिकाको न्यायीक समितिले गरेको निर्णय चित्त नबुझ्ने पक्षले सो निर्णय थाहा पाएको मितिले म्यादभित्र सम्बन्धित जिल्ला अदालतमा पुनरावेदन गर्न सक्नेछ ।

**२६. क्षतिपूर्ती भराउन सक्नेः**

(१) यस ऐनको विपरीत हुने गरी वन अधिकारवाला समुदायवा व्यक्तिको वन सम्बन्धी अधिकारमा प्रतिकूल प्रभाव पार्ने कार्य गरेको कारणबाट कुनै वन अधिकारवाला समुदाय वा व्यक्तिको वन सम्बन्धी अधिकारको हनन भएकै कारण कुनै पनि किसिमको हानी नोक्सानी हुन गएमा त्यस्तो समुदाय वा व्यक्तिले क्षतिपूर्ति भराई पाउँभनी उजुरी गर्न सक्नेछ ।

(२) उपदफा (१) बमोजिम क्षतिपूर्तिको निमित्त परेको उजुरी उपर छानबिन गरी वन अधिकार हनन भएको समुदाय वा व्यक्तिलाई हानी नोक्सानी पुग्न गएको देखिएमा हानी नोक्सानीको आधारमा हानी नोक्सानी गर्ने पक्षबाट क्षतिपूर्ति बापतको रकम त्यस्तो समुदाय वा व्यक्तिलाई दिलाउन सक्नेछ ।

## परिच्छेद –७

## पारिवारिक निजी वन सम्वन्धी व्यवस्था

**२७. पारिवारिक निजी वन दर्ताः** (१) पारिवारिक निजी वनको संरक्षण सम्बर्द्धन उपयोग व्यवस्थापन गर्न तथा स्वतन्त्ररुपले वन पैदावारको मुल्य निर्धारण गर्ने गरी विक्री वितरण गर्न पाउने गरी हेटौंडा उपमहानगरपालिकाले दर्ता प्रमाण पत्र दिनेछ ।

२. पारिवारिक निजी वनलाइ हेटौंडा उपमहानगरपालिकाले आवश्यक प्राविधिक एवं अन्य सहयोग उपलब्ध गराउने छ ।

३. पारिवारिक निजी वन दर्ता भएको जानकारी प्राप्त भएको १५ दिन भित्र सो को जानकारी दिनेछ।

४. पारिवारिक निजी वन किसानहरुले तोकीएको निवेदन सहित सम्बन्धित वडा कार्यालय समक्ष पेश गर्ने ।

**२८. पारिवारिक निजी वन सम्बन्धी अन्य व्यवस्थाः**

(१) पारिवारिक निजी वनको दर्ता गर्न उपमहानगरपालिकामा वडाको सिफारिस सहित वन, वातावरण तथा विपद् व्यवस्थापन महाशाखामा निवेदन पेश गर्नु पर्ने ।

(२) दर्ता भएका पारिवारिक निजी वनहरु धितो राखेर वैंकवाट ऋण लिन सक्ने छ ।

(३) हावापानी सुहाँउदो जडिवुटि जन्य वन पैदावारलाई हुर्काउन संरक्षण गर्न प्राथमिकता दिईनेछ।

(४) पारिवारिक निजी वन किसानहरुलाइ कृषि वन लगाउन थप प्रोत्साहन गरिनेछ ।

(५) पाविारिक निजी वनका किसानहरुले वनमा आधारित उद्योगहरु स्थापना गर्न चाहेमा हेटौंडा उपमहानगरपालिकाले अनुमति दिनेछ ।

(६) पारिवारिक निजी वन दैविक प्रकोप भएर नष्ट भएमा क्षेती पूर्तीका लागि सहुलित विमामा समन्वयको व्यवस्था गरिनेछ ।

## परिच्छेद –८

## विविध

**२९. हेटौंडा उपमहानगरपालिकाबाट अनुमति लिनु पर्नेः–**

(१) हेटौडा उपमहानगरपालिकाको अनुमति लिई उपभोक्ता समुहले स्थानीय सामुदायिक वनक्षेत्रमा सामुदायिक चिडियाखाना, वन्यजन्तुको व्यावसायीक पालन, समुदायको पहुच भन्दा टाढा रहेको वन सामुदायिक संरक्षण क्षेत्र, पर्यापर्यटन कार्यक्रम जस्ता वनमा आधारित उद्यम वा समुदायमा वन पैदावारजन्य उद्योग संचालन गर्ने, उत्पादन गर्ने, उत्पादिन बस्तु वा वनपैदावार निकासी पैठारी गर्ने र सोबाट लाभ प्राप्त गर्न सक्नेछ ।

(२) वनपैदावारजन्य उद्योगबाट उत्पादित वनपैदावारको निकासी पैठारी वन उपभोक्ता समुहले तोकेको व्यक्तिले गर्न सक्नेछ। त्यसरी निकासी पैठारी गर्दा सोको जानकारी अनिवार्य रूपमा हेटौंडा उपमहानगरपालिकालाई दिनुपर्नेछ ।

(३) सामुदायिक वन समुहको दर्ता प्रमाणपत्रका आधारमा सहकारी मार्फत सःमिलका साथैवन पैदावारमा आधारित अन्य उद्यमहरु सञ्चालन सक्नेछन् ।

(४) हेटौंडा उपमहानगरपालिकाले पारिवारिक निजी वन दर्ता, संरक्षण, सम्बर्द्धन, व्यवस्थापन र निर्यातको जानकारी दिएर काम गर्न सक्नेछ।

**३०. ऐनको व्याख्याः-** यो ऐनको अन्तिम व्याख्या गर्ने अधिकार नगर सभामा निहित रहनेछ ।

**३१. नियमावली, मापदण्ड, निर्देशिका र कार्यविधि बनाउन सक्नेः**यस ऐन कार्यान्वयनको लागि उपमहानगरपालिकाले आवश्यक मापदण्ड, निर्देशिका तथा कार्यविधि बनाउन सक्नेछ ।

हेटौंडा राजपत्र

## अनुसूची-१
## उपभोक्ता समूहको सूचिकरणका लागि दिइने निवेदन

श्री प्रमूख प्रशासकिय अधिकृत ज्यू
हेटौंडा उपमहानगरपालिका

हेटौंडा उपमहानगरपालिका वन ऐन, २०८२ मा व्यवस्था भए बमोजिम उपभोक्ता समूहको गठन गरी उक्त उपभोक्ता समूह सुचिकरण गरी पाउन सो को विधान संलग्न गरी पेश गरेका छौं। उपभोक्ता समूहको सुचिकरण गरी सो को जानकारी पाउन अनुरोध गर्दछौं ।

निवेदक
.............. उपभोक्ता समूहको तर्फबाट

| क्र.सं. | नाम | पद | दस्तखत |
|---|---|---|---|

हेटौंडा राजपत्र

**अनुसूची-२**

**उपभोक्ता समूह सूचिकरणको प्रमाण-पत्र**

**हेटौंडा उपमहानगरपालिका**

**नगर कार्यपालिकाको कार्यालय**

हेटौंडा मकवानपुर

बागमती प्रदेश, नेपाल

दर्ता नं.

श्री........... उपभोक्ता समूह मिति ................ को निर्णय अनुसार हेटौंडा उपमहानगरपालिका वन ऐन, २०८२ ले दिएको अधिकार प्रयोग गरी त्यस उपभोक्ता समूहलाई सुचिकरण गरी यो प्रमाण पत्र दिइएको छ।

उपभोक्ता समूहको विवरण

उपभोक्ता समूहको क्षेत्रफल, घरधुरी संख्या, कुल जनसंख्या

प्रमाण पत्र दिने अधिकारी

नाम,

दर्ता,

दस्तखत

मिति

**आज्ञाले**

**भरत गौतम**

**प्रमुख प्रशासकीय अधिकृत**

हेटौंडा राजपत्र